नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री हिरालाल रेग्मीज्युले गरेको फैसला

मुद्दा-:अभद्र व्यवहार ।

मि.नं. २७८, दायर मिति-:२०८०-०९-१४

फैसला मिति-२०८०-०७-२३

वादी

नैमुन नेशाको जाहेरीले नेपाल सरकार----१

प्रतिवादी

जिल्ला पर्सा बी.म.न.पा.वडा नं.३२ बस्ने बर्ष ५० को नेक महमद मियाँ समेत-------------------१

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

## तथ्य-खण्ड

१.प्रतिवादीहरुले बिभिन्न अपशब्द प्रयोग गर्दै गाली गलौज तथा हातपात प्रयोग गरी अभद्र व्यवहार गरेको भन्ने नैमुन नेशाको जाहेरी दरखास्त।

२. बिभिन्न अपशब्द प्रयोग गर्दै गाली गलौज तथा हातपात प्रयोग गरी अभद्र व्यवहार गरेकोले मलाई पक्राउ गरेको हो भन्ने प्रतिवादीहरुको बयान कागज।

३. बिभिन्न अपशब्द प्रयोग गर्दै गाली गलौज तथा हातपात प्रयोग गरी अभद्र व्यवहार गरेकोले कडा कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका ईमाम हुसेन अंसारी समेतको घटनाविवरण कागज।

४.वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

५.जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

## ठहर-खण्ड

यसमा कुटपिट,झै-झगडा गरेको छैन भनी प्रतिवादीहरुले ईन्कारी बयान गरेतापनी मिति २०७९।८।१२ गते जिल्ला पर्सा बी.म.न.पा.वडा नं.३२ स्थित सडकमा जाहेरवालाको छोरा समेतलाई अपशब्द प्रयोग गरी गाली गलौज तथा हातपात गर्दै अभद्र व्यवहार गरेकोले नेक महमद मियाँलाई पक्राउ गरेको भन्ने घटनास्थल मुचुल्का, तथा नैमुन नेशाको जाहेरी दरखास्त ,सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादी गरेको बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादीहरु नेक महम्द मियाँ,जाबिर अंसारी र भोला भन्ने समिर मियाँ अंसारीलाई जरिवाना जनही रु ६,०००।- गर्ने । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

## तपसिल खण्ड

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी नेक महम्द मियाँ,जाबिर अंसारी र भोला भन्ने समिर मियाँ अंसारीलाई ठहरेको जरिवानाको हकमा मिति २०७९-०९-१७ गते र.नं.३७३ बाट दाखिला गरेको धरौटी रकम रु ६,०००।- बाट जरिवाना रकम रु ६,००० कट्टा गरि मिनाहा गर्नु र प्रतिवादी जाबिर अंसारी लाई ठहरेको जरिवानाको हकमा मिति २०७९-०९-१९ गते र.नं.३७८ बाट दाखिला गरेको धरौटी रकम रु ६,०००।- बाट जरिवाना रकम रु ६,००० कट्टा गरि मिनाहा गर्नु र अर्को प्रतिवादी भोला भन्ने समिर मियाँ अंसारी लाई ठहरेको जरिवानाको हकमा मिति २०८०-०६-१२ गते र.नं.१५५ बाट दाखिला गरेको धरौटी रकम रु ६,०००।- बाट जरिवाना रकम रु ६,००० कट्टा गरि मिनाहा गर्नु ।-------------------------१

२.प्रस्तुत फैसलामा चित नबुझे३५ दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीहरुलाई पुनरावेदनको म्याद दिनु-----------------------------------------------------------------------------------------------१

३.फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-----------------------------------------------१

४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु------१

हिरालाल रेग्मी

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत २०८० साल कार्तिक महिना २३ गते रोज ५ शुभम् .......................